# बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ताकुकोट, गोरखा

पत्र संख्या: २०७७/०७८
च.नं. ३५५

Website: www.sulikotmun.gov.np
Email: barpaksulikotrm@gmail.com

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति : २०७७/०५/३१

विषय : प्रथम त्रैमासिक तलबभत्ता निकासाका लागि आवश्यक कागजातहरु उपलब्ध गराउने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्रहरु,
बारपाक सुलिकोट गाउंपालिका, गोरखा ।

प्रस्तुत विषयमा यस बारपाक सुलिकोट गाउपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्रहरुले प्रथम त्रैमासिक तलबभत्ता निकासाको माग फाराम २०७७/०५/३१ भित्र शिक्षा,युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन यस अघि नै सुचित गरिएको व्यहोरा पुन : स्मरण गराइन्छ ।

प्रथम त्रैमासिक तलबभत्ता निकासाको लागि तपशिलका कार्यहरु गरी सो बमोजिका कागजातहरु यस कार्यालयमा यही असोज १५ भित्र अनिवार्य रुपमा पेश गरेको हुनुपर्ने छ । अन्यथा निकासा रोकिएमा विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरु स्वयम् जवाफदेही रहनुपर्ने व्यहोरा समेत यसै सुचनामार्फत सुचित गराइन्छ ।

तपशिल :

१) आ.व.२०७५/७६ को अन्तिम लेखापरीक्षणको प्रतिवेदन बुझाउन बाँकी रहेकाले सोको प्रतिलिपि ।
२) विद्यालय तथा सामुदायिक सिकाई केन्द्रले सम्पूर्ण कारोवार पालिकाभित्र रहेको बैंकबाट गर्नुपर्नेछ । सोका लागि ग्लोबल आइ एम इ बैंकको ताकुकोट शाखामा खाता खोल्नुपर्नेछ ।
३) आ.व. २०७६/०७७ को सामाजिक परीक्षणको प्रतिवेदनको प्रतिलिपि ।
४) विद्यालय सुधार योजना (५ वर्ष र १ वर्ष ) प्रतिलिपि ।
५) पाठ्यपुस्तकको विल र बितरण गरेको भरपाई एवम् छात्रवृत्ति वितरण गरी सोको भरपाई ।
६) कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कर र आयकर कट्टी गरेको बैंक भौचरको प्रतिलिपि ।

पुनश्च :

१) वैकल्पिक सिकाईका लागि स्वाध्यायन सामग्री विद्यालयमा पुगिसकेकाले अभिभावक तथा विद्यार्थीहरुका बीच सहजीकरण गर्नेगरी कार्य गर्न र सोको प्रगति प्रतिवेदन त्रैमासिक निकासा माग फारामका साथमा पेश गर्नुपर्नेछ ।

..............................
(वसन्त राज भट्ट )
शिक्षा अधिकृत

बसन्तराज भट्ठ
अधिकृत छैठौं, शिक्षा प्रशासन